# नेपालमा पर्यावरणीय साहित्य र पौड्यालको *बूढो रूख र जुरेली* कथा

डा. अशोक थापा, उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
Email:kazithapa@gmail.com
Orchid: https://orcid.org/0009-0004-5743-742X

**लेखसार**

साहित्यमा पर्यावरणीय चिन्तनको विकास वैदिककालदेखि आजसम्म विस्तारित छ। यस आलेखमा पारिस्थितिकी, वातावरण संरक्षण र साहित्यबीचको अन्तर्सम्बन्धलाई केन्द्रीकृत गर्दै पश्चिमी इकोक्रिटिसिज्म र नेपाली साहित्यमा पर्यावरणीय चेतनाको उदय र महेश पौड्यालको अपरिचित अनुहार (२०७८) कथासङ्ग्रहभित्र सङ्कलित 'बूढो रूख र जुरेली' कथामा पर्यावरणीय चेतना केकसरी प्रयोग भएको छ भनी विवेचना गरिएको छ। आगमन र निगमन दुवै विधिको अनुसरण गरिएको यस लेखमा विश्लेषणका लागि वैदिक साहित्यका पञ्चतत्त्व र प्रकृति पूजनपरम्परा नेपाली साहित्यमा देखिने पारिस्थितिकीय धारणासँग तुलना गरिएको छ। २० औँ शताब्दीको मध्यदेखि विश्वव्यापी वातावरणीय आन्दोलनको प्रभाव नेपाली साहित्यमा पनि परिलक्षित हुँदै आएको छ। नेपाली साहित्यमा अविनाश श्रेष्ठ, सरुभक्त, विजय हितान, देवेन सापकोटा, महेश पौड्याल आदि लेखकले प्रकृतिविनाश, जलवायु परिवर्तन र पारिस्थितिक सन्तुलनलाई प्रमुख विषय बनाएर साहित्य लेखेका छन्। पौड्यालका कविता, निबन्धमा जस्तै आख्यानमा पनि पर्यावरणीय चिन्तनको प्रयोग केकसरी भएको छ भनी निक्यौंल गर्नु यस लेखको उद्देश्य हो। पौड्यालको प्रस्तुत कथासङ्ग्रहभित्रको विवेच्य कथामा पर्यावरणीय चिन्तन देखिन्छ। पर्यावरणीय साहित्यको अवधारणालाई साहित्यमा सामाजिक-राजनीतिक रूपमा वातावरणीय चेतनाको संवाहक बनाउँदै आएको देखिन्छ। नेपाली साहित्यले मानवकेन्द्रित दृष्टिकोणलाई चुनौती दिँदै प्रकृति-संस्कृतिको सहअस्तित्वलाई प्राथमिकता दिएको छ। साहित्यले वातावरणीय सङ्कटलाई सामाजिक-सांस्कृतिक परिप्रेक्ष्यबाट व्याख्या गर्दै सामूहिक चेतना अभिवृद्धि गर्ने कार्य गरिरहेको छ। परम्परागत ज्ञान र आधुनिक वैज्ञानिक दृष्टिकोणबीचको सन्तुलन कायम राख्दै साहित्यले दिगोविकासको दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्छ। प्रस्तुत कथामा मानव र प्रकृतिबीचको पारस्परिक सम्बन्ध, सहअस्तित्वको आग्रह र पर्यावरणीय चेतनालाई संवेदनशील प्रतीकमार्फत उजागर गरेको निष्कर्ष निकालिएको छ।

*शब्दकुञ्जी:* पर्यावरणीय साहित्य, पर्यासमालोचना, पारिस्थितिक चेतना, प्रकृतिमानव सम्बन्ध

Article's information : Manuscript received : 2024/10/07, Date of review : 2025/01/27, Date of manuscript acceptance 2025/04/25 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/vaikharivani.v2i2.79238
Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2025 @ Vaikharivani
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

पर्याचेतना आजको समयमा एक गम्भीर र अत्यावश्यक विषय बनेको छ। पर्यावरणको निरन्तर दोहनले मान्छेमात्र नभएर सबै जीवजन्तुको सत्तामा समस्यामा पर्दै गएको विज्ञहरूले बताउँदै आएका छन्। यही कारणले गर्दा वातावरणीय चिन्तन विभिन्न ज्ञानशाखाको अभिन्न अङ्ग बन्न पुगेको छ। *वेद*, *पुराण* र *उपनिषद्*हरूमा पर्यावरणीय विषयवस्तुहरू सङ्केतका रूपमा पाइन्छन्। विशेष गरी *ऋग्वेद*मा पञ्चतत्त्व - पृथ्वी, जल, तेज, वायु र आकाशको वर्णन गर्दै तिनको सृष्टिमा भएको महत्त्वलाई प्रस्ट पार्ने क्रममा पर्यावरणीय चेतनाको अभिव्यक्ति देख्न सकिन्छ। पर्यावरणीय वा 'पर्या'साहित्य विश्वसाहित्यमा

एक नवीन धाराका रूपमा बीसौँ शताब्दीको मध्यतिर स्थापित हुन थालेको हो । वातावरणविनाशको चिन्ताले साहित्य, कला र संस्कृतिका विविध पक्षहरूलाई पनि प्रभावित पार्नु स्वाभाविक हो ।

संसारमा पर्यावरणको संरक्षण गर्नुपर्दछ भन्ने साहित्यिक चेतना अनौपचारिक रूपमा पहिलेदेखि रहँदै आए पनि औपचारिक रूपमा सन् १९६० पछि यसले प्रवेश पाएको हो । पर्यासाहित्यले जीव र वातावरणबीचको सम्बन्धको अन्वेषण गर्दछ । एउटा बौद्धिक र जिम्मेवार वर्ग भएकाले साहित्यकार वातावरणीय चेतनालाई साहित्यमा प्रस्तुत गरी जनतालाई चेतनशील बनाउनुपर्छ भन्ने मान्यतासँगै कविता, कथा, निबन्ध, उपन्यासजस्ता विधाहरू तथा पर्यावरणीय समालोचनाका रूपमा पर्यासाहित्यको विकास भएको देखिन्छ । विश्वयवसाहित्य लेखनको ठुलो अंश आज मानवेत्तर जगततिर लक्षित रहेको छ । प्राणी, वनस्पति, तिनको वासस्थान, जल, वायु, तापमान र समग्र पृथ्वीको स्थितितिर परिलक्षित छ । पश्चिमी साहित्यमा पर्यावरणीय विषयकेन्द्रित भएर साहित्यसृजनाको सुरुवात सन् १९६० को दशकपछि भएको हो ।

नेपाली साहित्यमा भने यसको आरम्भ सं २०४० को दशकपछि भएको भेटिन्छ । असचेत रूपमा यसको पूर्वाभाष कविशिरोमणी लेखनाथ पौड्यालको *ऋतुविचार* खण्डकाव्यमा मा प्राकृतिक चक्र र सौन्दर्यको महिमागानका विषयमा गरिएको वर्णन र अर्को *तरुणतपसी* काव्यले हिंसाका कारण अमानवीय बन्दै गएको वैश्विक परिवेश र अन्य जीव र वनस्पतिको पीडालाई पृष्ठभूमि रूपमा मूल्याङ्कन गर्न सकिन्छ । त्यस्तै महाकवि लक्ष्मीप्रसाद देवकोटाको *कृषिबाला* गीतिनाटक, *शाकुन्तल* महाकाव्यलगायतका सिर्जनामा प्रकृतिको महानता र सौन्दर्यको वर्णन गर्ने क्रममा वातावरणीय विषय आए पनि ती सृजना पर्यावरणीय समस्यामा केन्द्रित छैनन् । माधव घिमिरेले विश्वयुद्धको प्रभावमा वि.सं २०१४ मा *हाइड्रोजन* शीर्षकको कविता र विजय मल्लले सं २०३५ मा *यस धर्तीको पानीमा* कविता सिर्जना गरेको देखिन्छ । यसै समयवरिपरि मोहन कोइरालाका फुटकर कविताहरूमा पर्यावरणीय सांस्कृतिक जीवनका अभाव र सुसेलीहरू प्रस्तुत गरिनुभन्दा अघि अविनाश श्रेष्ठले आफ्ना सिर्जनामा पर्यावरणविनाशका नयाँ आयामहरू चिनाइसकेका थिए । श्रेष्ठको वि.सं २०४७ मा प्रकाशित कवितासङ्ग्रह पर्यावरणीय विषयका केही कविता प्रकाशित छन् । यसै सङ्ग्रहमा सङ्कलित *शरद* शीर्षकको पर्यावरणीय कविता वि.सं २०४४ साल पुस अङ्कको *मधुपर्क*मा प्रकाशित भएको थियो भने उनकै *पञ्चमहाभूत : एउटा पर्यावरणीय कविता* शीर्षकको कविता तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको विशेष काव्यगोष्ठी वि.सं २०४८ मा वाचन गरिएको थियो । त्यस्तै वि.सं २०५३ सालमा उनले *जङ्गल एउटा सलिल*को शीर्षकको अर्को महत्त्वपूर्ण पर्यावरणीय कविता रचना गरेका थिए । यही वर्ष नै पोखराबाट कवि सरुभक्तको परिकल्पनामा संरक्षण कविता अभियानको सुरुवात भएको र वि.सं २०५५ सालमा यसले संरक्षण कविता आन्दोलनको रूप लिएको देखिन्छ । यस आन्दोलनको मूलभूत उद्देश्य कविताका माध्यमद्वारा प्रकृति संरक्षण चेतना अभिवृद्धि गर्ने, स्थानीय समाज र जनजीवनको अध्ययन गर्ने रहेको छ । यसले संरक्षण नै जीवन हो, जीवन नै संरक्षण हो भन्ने लगायतका पाँच बुँदे घोषणापत्र सार्वजनिक गरेको थियो (शर्मा, २०६४) ।

पर्यावरण विनाशप्रति असहमति र संरक्षण चिन्तनप्रति समर्पित सिङ्गो कृति र सङ्ग्रहका रूपमा अविनाश श्रेष्ठको *करोडौँ सूर्यको अन्धकार* (२०६०) नेपाली पर्यावरणीय कविताको विशेष प्राप्तिका रूपमा आएको देखिन्छ । यस सङ्ग्रहका केही कविताहरू अङ्ग्रेजी र जर्मन भाषामा पहिलो पटक अनुवाद भएर विश्वभरि पुगेका आधारमा पनि अविनाश श्रेष्ठ पर्यावरण सचेत प्रथम नेपाली कविका रूपमा स्थापित व्यक्तित्व मानिन्छन् ( श्रेष्ठ, २०६०, पृ.१४०) । बामेसर्दै गरेको नेपाली पर्यासाहित्यको विकासका क्रममा वि.सं २०६२ सालमा अमर नेम्वाङको *सम्झनाका तरेलीहरू* निबन्धात्मक कृति प्रकाशन भएको देखिन्छ । यही क्रममा गोविन्दराज भट्टराईले *उत्तर आधुनिक विमर्श* (२०६४) पुस्तकमा पहिलो पटक पर्यासाहित्यको सैद्धान्तिक अवधारणाबारे उल्लेख गरेको देखिन्छ । यसपश्चात् नेपाली साहित्यमा पर्यासाहित्य र समालोचनाका क्षेत्रमा उल्लेख्य कार्यहरू भएका छन् । वि.सं २०६२ मा कवि मोहन कोइरालाको निधनपछि भट्टराईकै विशेष पहलमा कोइरालाद्वारा लिखित लामो कविता *सिमसारको राजदूत* (वि.सं २०६५) मा प्रकाशन भएको छ । नेपाली पर्यासाहित्यमा यस

कृतिलाई विशेष महत्त्वका साथ हेर्ने गरिन्छ । यहाँसम्म आइपुग्दा नेपाली पर्यासाहित्यले सिर्जनाको गतिलो आधारभूमि तयार पारेको छ । यसपछि क्रमिक रूपमा नेपाली पर्यासाहित्यमा वि.सं २०७४ सालमा विजय हितानद्वारा सम्पादित *स्वच्छन्द सुसेलीहरू* (कवितासङ्ग्रह), वि.सं २०७६ मा सञ्जीव उप्रेतीको *हंस* उपन्यास, वि.सं २०७७ सालमा विजय हितानद्वारा सम्पादित *स्वच्छन्द सुसेलीहरू २* (विभिन्न कविद्वारा अनलाइनमा वाचन गरिएका र अतिथि कविहरूका कवितासङ्ग्रह), प्रकाशित भएका छन् (हितान, २०७७, पृ.७) । वि.सं. २०६८ मा नेत्र एटमाले पर्यावरणीय समालोचनाको सैद्धान्तिक पृष्ठभूमिलाई समेटी समालोचना लेखेका छन् । त्यस्तै वि.सं २०७८ सालमा पर्यासाहित्यका क्षेत्रमा दुईवटा महत्त्वपूर्ण कृतिहरू विजय हितानको *ब्लु प्लानेट* (कथासङ्ग्रह) तथा अनिता पन्थीको *अनायोजित* उपन्यास प्रकाशित छन् । साथै सन् २०२१ मा भारतीय नेपाली साहित्यको पहिलो महत्त्वपूर्ण उपलब्धिका रूपमा *अविश्रान्त पृथ्वी* कवितासङ्ग्रह प्रकाशित भयो । भारतीय नेपाली साहित्यमा सन् २०२२ मा कवि राजा पुनियानीको तङ्सिङ पर्या कवितासङ्ग्रह प्रकाशित भएको थियो ।

नेपाली पर्यासाहित्यका क्षेत्रमा वि.सं २०७० देखि २०८० को दशक निकै उर्वर देखिन्छ । यही वर्ष भारतीय नेपाली साहित्यकार मनप्रसाद सुब्बाको *मिसाम* कथासङ्ग्रह प्रकाशित भएको थियो । त्यसपछि वि.सं २०८१ मा उनकै *पञ्चतत्त्वको पालम* कवितासङ्ग्रह प्रकाशित भएको छ । पर्यासाहित्यका यी महत्त्वपूर्ण कृतिहरूबाहेक धीरकुमार श्रेष्ठद्वारा सम्पादित *शब्दाङ्कुर* साहित्यिक त्रैमासिक पत्रिकाको वि.सं २०८१ भदौ अङ्क हरितकाव्य विशेषका रूपमा प्रकाशित भएको छ । यसमा तीन दर्जन जति पर्यासाहित्यका कविताहरू प्रकाशित छन् । विमल भौकाजीको सम्पादकत्वमा प्रकाशित हुँदै आएको यसै वर्षकै कार्तिक अङ्कको *शारदा* पत्रिकालाई पर्यासाहित्य विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । यसबीचमा नेपाल प्रज्ञा-प्रतिष्ठानले पर्याकवितावाचन कार्यक्रमको आयोजना, काठमाडौँस्थित गोथे इन्स्टिच्युटले आयोजना गरेको पर्यावरण कविता प्रोजेक्ट, *मधुपर्क* मासिकमा समयसमयमा प्रकाशित इको कविता, साहित्यपोष्टद्वारा स्थापित पर्यासाहित्य पोर्टलले नेपाली पर्यासाहित्यको विकासमा विशेष योगदान पुर्‍याएका छन् । यस क्षेत्रमा फुटकर सिर्जनाका माध्यमबाट महत्त्वपूर्ण योगदान दिने सर्जकहरूमा ध्रुवचन्द्र गौतम, सुधा त्रिपाठी, कृष्ण बाउसे, वासु शर्मा, विमल तुम्खेवा, गुरुप्रसाद कुमाल बुलबुल, अञ्जना इछमफूल, भूपिन खड्का, विष्णु एस राई, रोसन शेरचन, लक्ष्मी रुम्बा आदि रहेका छन् । यसैगरी सिक्किमबाट देवचन्द्र सुब्बा, राजेन्द्र भण्डारी, पवन चाम्लिङ, सानु लामा, दार्जिलिङबाट रेनिका थापा आसामबाट ज्ञानबहादुर क्षेत्रीको पर्यासिर्जना र समालोचनाका क्षेत्रमा विशेष योगदान रहेको छ ।

महेश पौड्याल पेशाले प्राध्यापक हुन् । उनको रुचि साहित्यलेखनमा छ । उनले कथा, उपन्यास, कविता, नाटक, समालोचना, निबन्ध सृजना गरेका छन् । पौड्यालका हाससम्म १ दर्जनभन्दा बढी सृजनात्मक कृति प्रकाशित छन् । यीमध्ये अधिकांश आख्यान हुन् । उनले २०७८ मा *अपरिचित अनुहार* शीर्षकको कथासङ्ग्रह प्रकाशित गरेका छन् । प्रस्तुत लेखमा पर्यवारणीय साहित्य चिन्तनका सापेक्षतामा उनको 'बूढो रूख र जुरेली'को विवेचना गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत आलेखमा नेपालमा पछिल्लो समय फस्टाइरहेको वातावरणीय साहित्यको समसामयिक अवस्थालाई बुझ्ने प्रयास छ । महेश पौड्यालको कथा 'बूढो रूख र जुरेली'लाई यहाँ मुख्य पाठको रूपमा लिएर गुणात्मक र व्याख्यात्मक अनुसन्धान पद्धतिको प्रयोग गरिएको छ । उनको यस  कथाको मिहीन विश्लेषण गरी यसभित्र अन्तर्भूत वातवरणीय चेतना, प्रकृतिसँगकको वार्तालाप र मान्छेमान्छे बीचको अन्तर्सम्बन्ध यहाँ उद्घाटन गरेको भेटिन्छ । कथामा प्रयोग भएका विम्ब, मिथक र प्रकृति र मान्छेको सम्बन्धउपर समालोचनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत लेखमा नेपालमा पर्यासाहित्यसम्बन्धमा अतीतमा प्रकाशन भएका आलेख, समालोचना र अन्य अनुसन्धानात्मक सामग्रीको पुनरावलोकन उपयोगी सामाग्री सङ्कलन गरिएको छ । यस अनुसन्धानमूलक लेखको सैद्धान्तिक पर्याधारका लागि खेम प्रसाईं र देवेन्द्र पौडेलले सेन्ट जोसेप कलेज

दार्जिलिङले सन् २०२४ नोभेम्बर २२-२४ मा *डाइनामिक अफ कल्चर्स ल्याङ्ग्वेज एन्ड लिटिरेचन* शीर्षकमा आयोजना गरेको कन्फ्रेन्समा प्रस्तुत सामाग्रीबाट सहयोग लिइएको छ। प्रस्तुत अध्ययनमा महेश पौड्यालको *अपरिचित अनुहार* कथासङ्ग्रह प्राथमिक स्रोतको सामग्री हो भने अन्य उद्धृत जस्तैः *रत्न बृहत् नेपाली समालोचना*, गोगुल पोखरेलले सम्पन्न गर्नु भएको दर्शनाचार्य शोधप्रबन्ध, गोविन्द भट्टराईको *उत्तरआधुनिक विमर्श* आदि द्वितीय स्रोतका सामग्री हुन्।

## परिणाम र छलफल

नेपालमा पर्यावरणीय साहित्य र पौड्यालको बूढो रूख र जुरेली कथा शीर्षकको यस आलेखमा नेपाली साहित्यमा पर्यावरणीय साहित्यको आरम्भ र विकास केकसरी भएको छ भनी छलफल गरिएको छ। सङ्क्षिप्त रूपमा पर्यावरणको सैद्धान्तिक पृष्ठभूमि पनि यहाँ प्रस्तुत छ। पर्यावरण, पर्यासाहित्य, अन्तर्राष्ट्रिय क्षेत्रमा पर्यासाहित्य, नेपाली साहित्यमा यसको प्रवेश र प्रयोगका सापेक्षतामा बूढो रूख र जुरेली कथामा यस सपाट प्रयोग भएको निष्कर्ष निकालिएको छ।

## सैद्धान्तिक पर्याधार

'पर्यावरण' वातावरण शब्दको पर्यायवाची शब्द हो। यसले पारिस्थितिक प्रणालीको समग्रतालाई बुझाउँछ। पारिस्थितिकी भित्र जैविक र अजैविक दुईटै पक्ष अटाउँछन्। मान्छेद्वारा निर्माण गरिएको सांस्कृतिक पक्ष वातावरणका हिस्सा हुन्। लेखनमा यी पक्षको उपस्थिति रहँदा 'पर्यावरणीय साहित्य' बन्छन्। यस प्रकृतिको साहित्यले वातावरणप्रतिको संवेदनशीलता, चासो र संरक्षणको विचार सम्प्रेषण गर्दछ। पहिला पर्यासाहित्य जन्मिन्छ र त्यसपछि पर्यासमालोचनाको विकास हुन्छ। प्राचीन युगदेखि वर्तमानसम्म लेखनमा वातावरणको विषय उठिरहेको छ। यद्यपि स्वच्छन्दतावादी लेखनमा पर्याचेतनाको सचेत र बलियो रूपमा प्रयोग भएको देखिन्छ।

इतिहासमा प्रकृतिको सुन्दरताको बयान गर्न मात्र साहित्यको प्रयोग हुन्थ्यो तर आजको साहित्यमा यसको संरक्षणका लागि चिन्ता र यसको दीर्घकालीन उपदेयताका विषयमा चर्चा गरिन्छ। यस प्रकृतिको साहित्यले प्रकृतिको स्वरूप, वातावरणीय प्रणाली (इकोसिस्टम) को मूल्य र मानवजीवनसँग प्रकृतिको पारस्परिक सम्बन्ध किन जरुरी छ भन्नेजस्ता जटिल प्रश्नहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गर्दछ। यसले रूख, बिरुवा, हावा, पानी, माटो, सागर, महासागर, हिमालजस्ता प्राकृतिक तत्त्वहरू मात्र मान्छेका उपभोगका वस्तु हुन् त ? वा यी दोस्रो जीवजन्तु र समग्र प्राणी जातिका लागि पनि जीवन र अस्तित्वसँग गहरो सम्बन्ध राख्दछन् ? भन्ने बहस उठाउँछ। यो धारणा विशेषगरी सन् १९६२ मा रचेल कार्सनद्वारा लेखिएको प्रसिद्ध कृति साइलेन्ट स्प्रिङग प्रकाशन भएपछि व्यापक रूपमा स्थापित भएको मानिन्छ (भट्टराई, २०८०, पृ. १४)। यद्यपि, प्राकृतिक चेतना र यसको साहित्यिक अभिव्यक्ति प्राचीन कालदेखि नै पूर्वीय र पाश्चात्य संस्कृतिमा देखिन्छ। विशेषतः ऋग्वेदजस्ता संस्कृत ग्रन्थहरूमा प्रकृतिको मानवीकरण गर्दै जल, वायु, पृथ्वी, आकाश र अग्निजस्ता पञ्चमहाभूतको उल्लेख पाइन्छ। यी तत्त्वहरूलाई मानव अस्तित्वको आधारका रूपमा प्रस्तुत गर्दै तिनीहरूको संरक्षणको महत्त्वसमेत प्रतिपादन गरिएको छ (भट्टराई, २०८०, पृ. ३८४)। पूर्वीय दर्शनमा जहाँ प्रकृति र मानवबीचको सहअस्तित्वलाई विशेष मान्यता दिइएको छ त्यहीं पाश्चात्य साहित्यमा पनि प्राकृतिक सौन्दर्य, धार्मिक भावना, प्रेम, वीरता र देशभक्तिजस्ता विषयहरूलाई समेटेर विविध कालखण्डमा साहित्य सिर्जना हुँदै आएको पाइन्छ। आधुनिकता र उत्तरआधुनिकताको प्रभावसँगै, परिष्कारवाद, स्वच्छन्दतावाददेखि विनिर्माणवादसम्मका धाराहरू उदाउँदै गएका छन्, जसले गर्दा साहित्यमा नवीन विचार र दृष्टिकोणको प्रयोग हुन थालेको हो। यसै सन्दर्भमा वातावरणीय साहित्य वा 'पर्यासाहित्य' एक पृथक् र नवीन अवधारणा स्वरूप प्रस्तुत भएको हो जसलाई कतिपय स्रष्टाहरूले ‘हरियो साहित्य’का रूपमा पनि परिभाषित गरेका छन्।

नेपाली साहित्यमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे र विजय मल्ल आदिका काव्यकृतिहरूमा पनि प्रकृतिचित्रण र प्राकृतिक सौन्दर्यचेतनालाई उल्लेख्य रूपमा प्रस्तुत गरिएको भेटिन्छ । यी श्रष्टाका कृतिहरूमा प्रकृतिलाई नभई मान्छेलाई केन्द्र बनाएर साहित्यसिर्जना गरेको पाइन्छ । यसैक्रममा २०४६ पछिको खुला राजनैतिक परिवेश, विश्वभूमण्डलीकरणको प्रभाव तथा मान्छेमा बढ्दै गएको उपभोगवादी प्रवृत्तिका कारण पर्यावरणमाथि मानिसले चौतर्फी आक्रमण गर्न थाल्यो । फलस्वरूप जलवायु परिवर्तन, प्राकृतिक वासस्थानको विनाशविरुद्ध आवश्यक कदम चाल्न सकिन्छ भन्ने दृष्टिकोणका साथ वि.सं २०४० को दशकपछि नेपाली साहित्यमा पनि पर्यावरणीय साहित्य सिर्जनाको प्रारम्भ भएको हो ।

पहिले साहित्यसिर्जना र समालोचनाको केन्द्रविन्दुमा मानिस थियो । आजको लेखनले वातावरणलाई प्रधान विषय बनाएर परिवृत्तीय साहित्य लेखनमा जोड दिएको पाइन्छ । अझै पनि पारिस्थितिकीलाई हेर्ने दुईवटा दृष्टिकोण रहेका छन् । एउटाले भन्छ, यो विश्व मानवजातिका उपयोगका निम्ति बनिएको बगैँचा हो । यो धारणलाई नृतत्त्वकेन्द्री ( एन्थ्रोपोमिर्फिक) भनिन्छ । यसले विश्वलाई मानवका आँखाले मात्र हेर्दछ । अर्कोले भन्छ, पृथ्वीको जलवायु, माटो, जीवजाति, वनस्पतिजस्ता अनेकौँ तत्त्वमध्ये केवल एउटा तत्त्व हो मानव । त्यसकारणले पृथ्वी मानवको एकलौटी र पेवा होइन, हुन सक्दैन । नबोल्नेको पनि यसमाथि उत्तिकै हक लाग्दछ ( भट्टराई, ०८०, पृ.२७ ) । यसरी पर्यासाहित्यले मानवेत्तर जगत्‌का पक्षमा बहस र पैरवी गर्दछ । भनिन्छ, मानवीय अन्याय र अत्याचारका विरुद्ध लेख्नु लेखकीय धर्म हो । हो, यी विषयमा लेखिँदै गर्दा हाम्रा सबै लेखन मानवकेन्द्रित हुन पुगेका छन् । पर्यावरण अन्याय र अत्याचारमा परेका, वन्यजन्तुका हक अधिकारहरू खोसिएको धेरैलाई पत्तै छैन । यिनै कारणले प्रकृतिको पारिस्थितिक सन्तुलन गुम्दै गएको अवस्था छ । यिनै सन्दर्भमा पर्यासाहित्य र समालोचनाको उठान गरिएको पाइन्छ (हितान, वि.सं २०७८ पृ.१२ ) ।

पञ्चतत्त्व, इकोफेमिनिज्म, प्रकृति सौन्दर्यको संरक्षण, ग्रामीण र अप्रदूषित वातावरणमा जोड, जलवायु परिवर्तनसम्बन्धी चेतना, जैविक विविधताको संरक्षण, वन्यजन्तु चोरी शिकारी नियन्त्रण, आदिवासी जनजीवन र वातावरणीय मुद्दामा केन्द्रित रहेर साहित्य लेखनजस्ता कुरा पर्यासाहित्यका आधारभूत विषयहरू हुन् । साथै धर्मशास्त्र र मानवीय चेतनालाई साहित्यमार्फत् उजागर गर्नु, विकाशका नाममा भएको विनाशप्रतिको चिन्ता र पर्याराजनीति पनि यसका आधारभूत विषय हुन् (भट्टराई, २०८०, पृ. ५०—५२ ) ।

**बूढो रूख र जुरेलीमा पर्याचेतना**

महेश पौड्यालको 'बुढो रूख र जुरेली' कथाले प्रकृति र मानवक्रियाकलापबीचको जटिल सम्बन्धलाई संवेदनशील ढङ्गले उद्‌घाटन गरेको छ । यस कथामा प्राकृतिक सौन्दर्य र मानवीय लोभबीचको टकरावलाई मार्मिक रूपमा चित्रण गर्दै वातावरणीय विनाश र प्रकृतिप्रतिको अमर्यादित दोहनले उत्पन्न सङ्कटप्रति चेतना जगाउने प्रयास गरिएको छ ।

कथामा जुरेली प्राकृतिप्रति संवेदनशील छे । उसले प्रकृतिलाई सम्मान दर्साएकी पनि छे । कथाले मान्छेको हस्तक्षेपले जङ्गलको नाश र प्राकृतिको क्षयीकरणकको वास्तविकतालाई देखाएको छ । हामीले आजभोलि गर्ने विकास पर्यावरणका बीचमा सङ्घर्षको स्थिति देखिएको छ । कथामा दक्षिणतर्फ वनमा ठूलो आगलानी हुनु, उत्तरतिरि भयङ्कर बाढीको प्रकोप देखिनु र पश्चिमदिशामा यन्त्रद्वारा वनको नष्ट गरिएको देखाएर पर्यवारणमाथि हुँदै गरेको ज्यादतीलाई यहाँ प्रस्तुत गरिएको छ । यस प्रकृतिका मान्छेका गतिविधिले पर्यावरण क्षतिको गहिरो सन्देश प्रवाह गरेको छ ।

*कुन मुर्दाले दक्षिणको सारा जङ्गलमा आगो लगाइदिएको छ । त्यो आगो छिटै यहाँ पनि आइपुग्छ," जुरेलीले भनी (पृ. १४७) ।*

कथामा पश्चिमतर्फ पहेँलोयन्त्रले वनफँडानी गर्दै महानगरनिर्माणको प्रक्रिया आरम्भ भएको देखाइएको छ जुन प्रकृतिदोहनको स्पष्ट दृष्टान्त हो । यस प्रकारका परिघटनाले विकासको नाममा प्रकृतिमाथि हुँदै आएको अन्धाधुन्ध हस्तक्षेपको कटुयथार्थ उजागर गर्दछ । यस्ता कार्यले पारिस्थितिक सन्तुलनमा खलल पुर्‍याएको र प्राकृतिक प्रणालीलाई प्रत्यक्ष रूपमा क्षति पुर्‍याएको स्पष्ट हुन्छ ।

*"उता पश्चिममा एउटा पहेँलो मान्छेले पहेँलै यन्त्रले सबै वन फाँडिरहेको छ । महानगर बनाउने भन्दै सबै रूख ढालिरहेको छ । मलाई ऊ छिटै यहाँ पनि आइपुग्छ जस्तो लाग्छ (पृ. १४९) ।"*

जुरेलीको गुँड आगलागीमा डढेर नष्ट हुनु, उसका बच्चाहरू मर्नु, वनफँडानी र वन्यजन्तुको क्षति यी धेरै घटनाक्रमहरू पेचिला दृष्टान्तका रूपमा कथामा प्रयोग भएका छन् । कथामा वर्णन गरिएको बूढो रूखको विम्बले जङ्गलको निरन्तरता, यस जगाउनु पर्ने आवश्यकता र जिन्दगीको चक्रको चित्र बनेको छ । कथामा विस्तारै क्षयीकरण बन्दै गरेको प्रकृतिको अवस्थालाई संवेदनशील रूपमा उजागर गरेको छ ।

जुरेलीले वातावरणप्रति अति गहन र संवेदनशील विचारको अभिव्यक्ति दिएकी छ । जुरेलीले बूढो बोटलाई आश्रयका रूपमा छनोट गरेकी छ । फलतः त्यसको बचाउका लागि सक्दो प्रयास गरेको देखिन्छ । यसबाट वातावरणको महत्त्व, भूमिका र त्यसप्रतिको घनिष्ट सम्बन्धलाई स्पष्ट पार्छ । मान्छेको गतिविधिले प्राकृतिक संरचनामा पारेको प्रतिकूल प्रभावप्रति उसको चिन्ता कथाको केन्द्रीय विषयवस्तु बनेको छ । यस संसारका हामी सबैलाई वातावरणप्रति संवेदनशील र सजग बन्न आह्वान गरेको छ । यसको बचाउका लागि सक्रिय हुन अपील गरेको छ ।

बाढी, पहिरो र अतिवृष्टि जस्ता प्राकृतिक विपत्तिको प्रस्तुतिले यो कथा पर्यावरणीय असन्तुलन हुँदै अवशानतिर ढल्किँदै गएको प्रक्षेपण गर्छ । बूढो भइसकेको बोट समस्यामा पर्नु र जुरेलीले आफ्नो आश्रयस्थल गुमाउँदै जानुले वारवणीय परिवर्तनका प्रतिकूल प्रभावलाई सङ्केत गर्नु हो ।

*अविरल वर्षाले त्यहाँको भिरालो भूगोलमा पहिरो लडाइरहेको थियो र त्यसमा परेर घरदेखि रूखसम्म, कटुसदेखि सल्लासम्म, सबै सबै बगिरहेका थिए । मानिसहरू भगवान् इन्द्रलाई गाली गर्दै जताततै कुदिरहेका थिए पृ. १४७) ।*

बूढो रूख र जुरेलीले आफ्नै मृत्युसम्बन्धी गरेका संवादको सीमित क्षेत्र होइन तर केवल उनीहरूको व्यक्तिगत अन्त्यको चिन्ता समेत गर्दैन बरु प्रकृति र मानवजीवन दुवैको अस्थायी स्वरूपलाई मार्मिक रूपमा उजागर गर्दछ । प्राकृतिविनाशले मात्र वातावरणीय सन्तुलन बिगार्दैन यसले मानवअस्तित्वलाई समेत गम्भीर रूपमा प्रभावित पार्दछ । प्रकृतिसंरक्षणको अत्यावश्यकतालाई थप गहिरो बनाउँदै हामीलाई सचेत र संवेदनशील बन्न प्रेरित गर्दछ ।

कथाको उत्तरार्धमा एक अज्ञात पंक्षीले 'आकाशमै अण्डा पारेर' विस्फोट गराएको प्रसङ्गले साङ्केतिक रूपमा परमाणु बम वा अन्य विनाशकारी अस्त्रको आगमनको सङ्केत गरेको छ । यसले प्रतीकात्मक रूपमा मानवीय क्रियाकलापबाट उत्पन्न सम्भावित प्रकोपहरू- जस्तैः युद्ध, प्रदूषण र जलवायुसङ्कटको भयावह सम्भावनालाई उजागर गरेको छ ।

*आफूले देखेकामध्ये सबैभन्दा तीव्र गतिमा उड्ने एउटा कालो चराले आकाशमा उड्दाउड्दै एउटा बडेमानको अण्डा पार्‍यो । त्यो अण्डा तीव्र गतिमा भुइँमा झर्‍यो र प्रलयङ्कारी आवाजसहित फुट्यो । एकैछिनमा त्यहाँबाट धुवाँ उठ्यो र आकाशै ढाक्न थाल्यो । हेर्दाहेर्दै पूर्वको त्यस भूगोलभरि चारैतिर आगाका लप्का दौडन थाले (पृ. १५१) ।*

कथाले मानवसमाजमा प्रकृतिप्रति बढ्दो उदासीनता र संवेदनहीनताको गम्भीर चित्र प्रस्तुत गर्दछ । मानिसहरूले वनविनाश गरेर आधुनिक महानगर निर्माण गर्ने सपना देखिरहेका छन् तर यस प्रक्रियामा प्रकृतिको विनाशप्रति उनीहरू पूर्णतः निर्मम र बेपर्वाह देखिन्छन् । यसले मानवसभ्यताको सोचाइमा प्रकृति केवल उपयोगको वस्तु हो भन्ने प्रवृत्तिलाई उजागर गर्दछ ।

प्रस्तुत कथाले मानवसभ्यताले प्रकृतिमाथि गर्दै आएको निरन्तर आक्रमण र त्यसको परिणामस्वरूप सिर्जित अन्तर्विरोधको गहिरो रूपरेखा प्रस्तुत गर्दछ । कथामा प्रयुक्त प्रतीकहरू-जुरेली (पीडित जीव), बूढो सिसौको रूख (प्राकृतिक सम्पदाको प्रतीक) र पहेँलो यन्त्र (उद्योगीकरण र विनाशको द्योतक) ले वातावरणीय द्वन्द्वलाई जीवन्त विम्बमार्फत प्रस्तुत गरेका छन् । ती सबै प्रतीकले मानवीय स्वार्थ र प्रकृतिबीचको टकरावलाई प्रभावशाली ढङ्गले उद्घाटन गर्दछन् ।

मानिसको स्वार्थ जस्तैः सिनेमाहल, खेलमैदान वा इँटा उद्योग निर्माणका र सञ्चालनका कारण प्रकृतिलाई उपेक्षा गरिएको प्रसङ्ग कथामा स्पष्ट रूपमा वर्णन भएको छ । कथामा एक वृद्ध पात्रले क्रुद्ध हुँदै भनेका छन् *"कुन चैं मुर्दाले सारा वन फँडानी गरिसकेछ !"* (पृ. १४७) यस कथांशले मानवजातिको पछुतो र ढिलो गरी आएको पर्यावरणीय चेतनालाई प्रतिनिधित्व गर्दछ । पहेँलो यन्त्र अर्थात् बुल्डोजरमार्फत जङ्गल विनाश गरिने प्रसङ्गले मानव सभ्यताको निर्ममता र स्वार्थले चलायमान विकासको खतरनाक स्वरूप उजागर गरेको छ । महानगर निर्माणको नाममा गरिएको जङ्गलफँडानीले विनाशलाई औद्योगिक प्रगतिसँग गाँसेर देखाइएको छ जसले दीर्घकालीन असरप्रति सचेत गराउने सन्देश दिन खोज्छ ।

*त्यसै दिन अपराह्नतिर केही सहयोगी लिएर एउटा अग्लो, मोटो मान्छे त्यहाँ आयो ।*
*उसले भन्यो, "यो त सिसौ हो । यसको काठ सिनेमाघरका सिट बनाउन सबैभन्दा उत्तम हुन्छ ।"*
*उनीहरूले केहीछिनमै आरा लगाए र रूख ढाले (पृ. १५३) ।*

यसरी 'बूढो रूख र जुरेली' कथाले प्राकृतिक संवेदनशीलता र मानवीय क्रियाकलापसामजको गहिरो अन्तरविरोधलाई उजागर गरेको छ । कथामा प्रयोग गरिएका प्रतीकहरू र घटनाहरूले हाम्रो स्वार्थप्रेरित विकासे सोचले प्रकृति र जीवजन्तुहरूलाई कस्तो पीडादायक अवस्थामा पुर्‍याएको छ भन्ने कुरालाई मार्मिक रूपमा प्रस्तुत गरेको छ । बूढो रूखको कटानी र जुरेलीको गुँड नष्ट हुनु केवल घटनात्मक चित्रण होइन यो हाम्रो पर्यावरणप्रतिको उदासीनताको गम्भीर परिणाम हो । कथाले प्रकृतिसँगको हाम्रो सम्बन्ध पुनः विचार गर्न र त्यसको संरक्षणका लागि सचेत, जिम्मेवार र संवेदनशील भूमिका निर्वाह गर्न हामी सबैलाई आह्वान गर्दछ । यही चेतना नै कथाको सार र सन्देश हो ।

## निष्कर्ष

नेपालमा पर्यावरणीय साहित्यको विकास एउटा सशक्त र अर्थपूर्ण साहित्यिक प्रवृत्तिका रूपमा स्थापित हुँदै गएको छ । प्राचीन साहित्यमा प्रकृतिपूजाको परम्परा र पञ्चतत्त्वको महत्त्वको उल्लेख हुँदै आधुनिक नेपाली साहित्यमा यो चेतना एक नवीन विमर्शको रूपमा उभिएको छ । प्रारम्भमा प्रकृतिको सौन्दर्यमय वर्णनमार्फत सुरु भएको पर्यावरणीय अभिव्यक्ति कालान्तरमा वातावरणीय संकटप्रति सचेत, संवेदनशील र जिम्मेवार दृष्टिकोणमा परिणत भएको देखिन्छ । नेपाली साहित्यमा असचेत रूपमा सुरु भएको यो धाराले वि.सं. २०४० पछि चेतनशील र समर्पित रूप लिँदै आज एक परिपक्व अवधारणाको रूपमा आफ्नो उपस्थिति सशक्त बनाएको छ । विजय हितान, अविनाश श्रेष्ठ, सरुभक्त, मोहन कोइराला, सञ्जीव उप्रेतीदेखि साथै महेश पौड्यालसम्म आइपुग्दा नेपाली पर्यासाहित्यले वैविध्यपूर्ण काव्यात्मक, आख्यानात्मक र निबन्धात्मक कृति सृजना भएका छन् । यस प्रवृत्तिमा महेश पौड्यालको 'बूढो रूख र जुरेली' कथा विशेष उल्लेखनीय छ । उक्त कथाले मानव र प्रकृतिबीचको पारस्परिक सम्बन्ध, सहअस्तित्वको आग्रह र पर्यावरणीय चेतनालाई संवेदनशील प्रतीकमार्फत उजागर गरेको

छ । बूढो रूख जीवन, इतिहास र स्थायित्वको प्रतीक बनेको छ भने जुरेली जीवन्तता, सौन्दर्य र आशाको संवाहक बनेकी छिन् । यी दुई पात्रको संवादले पाठकलाई प्रकृतिप्रति आत्मीयता र संवेदनशीलताको भावनासँग जोड्न बाध्य पार्दछ । साहित्यले केवल मनोरञ्जनको साधनमात्र नभई चेतनाको वाहकको भूमिका पनि निर्वाह गर्न सक्छ भन्ने कुराको पुष्टि नेपाली पर्यासाहित्यले गरेको छ । समसामयिक पर्यावरणीय सङ्कटलाई बुझ्न र जनमानसमा चेतना फैलाउन साहित्यले खेलेको भूमिका महत्त्वपूर्ण छ । जलवायु परिवर्तन, जैविक विविधताको विनाश, जङ्गलकटान, जलस्रोतको सुकाइ, वायुप्रदूषणजस्ता मुद्दाहरू सर्जकहरूका विषय बनेका छन् । यी सबै अभिव्यक्तिहरूमा वातावरणीय दृष्टिकोणको बहस मात्र होइन, सक्रिय समाधानको खाका समेत प्रस्तुत गरिएको छ । अतः नेपाली साहित्यमा पर्यावरणीय चेतनाको विकास केवल सर्जनात्मक अभ्यासमात्र होइन दिगो भविष्यप्रतिको एक प्रतिबद्धता हो । महेश पौड्यालजस्ता सर्जकका कृतिहरूले वातावरण र मानवीय सम्बन्धबीचको सन्तुलन र सहअस्तित्वको सन्देश दिन्छन् जसले पर्यावरणीय साहित्यलाई अझ सशक्त, समृद्ध र प्रभावकारी बनाउने निश्चित छ ।

## सन्दर्भग्रन्थसूची


उप्रेती, सञ्जीव (२०७६), *हंस*, फाइनप्रिन्ट ।

एटम, नेत्र (२०६८), पर्यावरणीय समालोचना, *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (सम्पा.), रत्न पुस्तक भण्डार ।

कोइराला, मोहन (२०६५), *सिमसारका राजदूत*, रत्न पुस्तक भण्डार ।

पुनियानी, राजा (सन् २०२२), *तङसिङ*, सम्बोधन पब्लिकेसन ।

पोखरेल, गोकुल (२०७२), *नदी किनराका माझी काव्य सङ्ग्रहमा पर्यावरण*, [अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध], नेपाली केन्द्रीय विभाग ।

प्रसाईं, खेम र पौडेल, देवेन्द्र (सन् २०२४) नोभेम्बर २२-२४ *डाइनामिक अफ कल्चर्स ल्याङ्ग्वेज* [सेमिनार पत्र] सेन्ट जेसेफ कलेज दार्जीलिङ ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तर आधुनिक विमर्श*, मोर्डन बुक्स ।

भट्टराई, रमेश (२०६८), *पर्यावरणीय सङ्कट र सांस्कृतिक नीति अभिज्ञान*, १/२ (कार्तिक-पुस २०६८) ।

शर्मा, सुकुम (२०६४), *नेपाली भाषा-साहित्यमा आन्दोलन*, हेरिटेज पब्लिसर्स एन्ड डिस्टिबिउटर्स प्रा. लि. ।

श्रेष्ठ, अविनाश (२०६०), *करोडौँ सूर्यहरूको अन्धकार*, माया पब्लिकेसन ।

सुब्बा, मनप्रसाद (२०८१), *पञ्चतत्त्वको पालम*, पेज टर्नर ।

हितान, विजय (२०७७), (सम्पा.), *स्वच्छन्द सुसेलीहरू २*, बुलबुल प्रकाशन ।

हितान, विजय (२०७८), *ब्लु प्लानेट*, फिनिक्स बुक्स ।

पौड्याल, महेश (२०७८), *अपरिचित अनुहार*, शिखा बुक्स ।